नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८**

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५१ मा रहेको श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था रहेको छ । सो नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिबृद्धि गर्ने तथा मर्यादित श्रम, सबै श्रम शोषणको अन्त्य गर्ने लगायत वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजि, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्ने लक्ष्य लिएको छ । संविधानको धारा १७ मा श्रमप्रतिको अवहेलना गर्न नहुने, धारा १८ को उपधारा (४) ले समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गर्न नहुने, धारा १९ को उपधारा (१) ले श्रमप्रति अवहेलना, जातिय छुवाछुत एवम् लैंगिक भेदभाव हुने सञ्चार गर्न नहुने, धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने, धारा ३४ को उपधारा (२) ले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने, धारा ४२ ले सामाजिक न्यायको अधिकार हुने र धारा ५० को उपधारा (२) ले सबै सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य एवम् श्रमको सम्मान, उद्यमशिलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास गर्ने आदि श्रम तथा रोजगार क्षेत्रसंग सान्दर्भिक विषयहरुलाई उल्लेख गरिएका छन् । सरकारले श्रम तथा रोजगारीका विषयलाई व्यवस्थित गर्न वैदेशिक रोजगार नीति, २०६८, राष्ट्रिय रोजगार नीति, २०७१, राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ लगायतका नीति जारी गरेको छ । उक्त नीतिहरुले श्रम तथा श्रमिकको मर्यादा तथा सुरक्षाका विषयलाई प्राथमिकता दिएको छ । श्रम तथा श्रमिकको अधिकार र सुरक्षाका सम्बन्धमा बोनस ऐन, २०३९, ट्रेड युनियन ऐन, २०४९, बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६, वैदेशिक रोजगार ऐन, २०६४, श्रम ऐन, २०७४, योगदानमा आधारिक सामाजिक सुरक्षा ऐन, २०७४ र रोजगारीको हकसम्बन्धी ऐन, २०७५ जारी भई कार्यान्वयनमा आएका छन् ।

श्रम तथा रोजगारी अन्तरसम्बन्धित विषय भएको हुनाले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास लगायत काम र श्रमिक प्रतिको धारणाले यसलाई प्रत्यक्ष असर पारेको हुन्छ । काम र श्रमिकप्रति समाजको मूल्य धारणा तथा मान्यतामा सापेक्ष परिवर्तन भएमा मात्रै आन्तरिक रोजगारीमा मुलुकका युवा शक्तिलाई परिचालनमा सहज हुने देखिन्छ ।

## २.	रणनीतिको औचित्य

नेपालमा रोजगारीका पर्याप्त अवसर सृजना नहुँदा वर्षेनी ठुलो सङ्ख्यामा युवाशक्ति रोजगारीका लागि विदेशिनु परेको छ । मुलुकमा जनसांख्यिक लाभको अवसर रहेको अवस्थामा प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने करिब ५ लाख श्रमशक्तिलाई आन्तरिक रोजगारीका अवसरमा व्यवस्थापन गर्न नसकिदा दैनिक करिव १५०० व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको पाईन्छ भने करिव ६० प्रतिशत भन्दा बढी घरधूरीबाट कोही न कोही व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिएको छ । वैदेशिक रोजगारका कारण प्राप्त विप्रेषणले कूल ग्राहस्थ  उत्पादनमा करिव एक चौथाईको योगदान गरे तापनि मुलुकको युवाशक्तिलाई आन्तरिक रोजगारीमा परिचालन भएको अवस्थामा मुलुकले दीर्घकालीनरुपमा अधिक लाभ लिने अवस्था रहन्छ । नेपालमा जातीका आधारमा कामको बाँडफाँड गरिएको ऐतिहासिक पृष्ठभूमिमा नेपालमा उपलव्ध आन्तरिक रोजगारीका कतिपय अवसरमा सामाजिक प्रतिष्ठाका कारण युवालाई आकर्षण गर्न सकिएको छैन । सामाजिक प्रतिष्ठाकै कारण युवा विविध कष्टहरु सहेर पनि वैदेशिक रोजगारीमा जाने वर्तमान अवस्थालाई व्यवहारिक रुपमा परिमार्जन गर्न काम गर्ने संस्कृति तथा श्रमिकको सम्मान हुने वातावरण सृजना गर्नको लागि अभियान सञ्चालन गर्न वाञ्छनिय रहेको छ ।

वर्तमान जनसांख्यिक लाभको अवस्थामा मुलुकको सामाजिक,  आर्थिक तथा सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान हुन सक्ने अवस्था देखिन्छ । यसका लागि मुलुकमा उपलव्ध रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्ति आकर्षित गर्न कामको उचित सम्मान र मर्यादा हुने वातावरण सृजना गर्न सकिएमा मुलुकको श्रम र रोजगारीका क्षेत्रमा क्रमश: नेपालीलाई नै संलग्न हुने अवस्था रहन्छ ।

नेपालको १५ औं योजनाले रोजगारीसँग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनिकरण, सामाजिक सुरक्षा, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने लगायतका विषयलाई प्राथमिकता दिएको छ । उक्त योजनाले लिएको तिव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने, दिगो र उत्पादनशील सामाजिक सुरक्षा / संरक्षणका क्रियाकलापको प्रभावकारी संयोजन तथा कार्यान्वयन गर्ने राष्ट्रिय रणनीतिको कार्यान्वयनका लागि यथेष्ठरुपमा मुलुकको युवालाई परिचालन गर्न आवश्यक छ । आन्तरिक रोजगारी प्रवर्द्धन कार्यका लागि श्रमको सम्मान एवम् युवा तथा बेरोजगार व्यक्तिलाई रोजगारमूलक सेवा प्रवाह गरी परिष्कृत र मर्यादित जीवनयापनमा सहयोग पुऱ्याउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत महत्वपुर्ण भूमिका रहेको छ।

मन्त्रालयले आयोजना गरेको प्रथम राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०७६ ले मुलुकको आन्तरिक रोजगारी प्रवर्द्धन गर्नका लागि श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादा राख्ने, श्रम बजारको माग बमोजिमको सीप तथा क्षमता विकास गर्ने, मुलुकमा उपलव्ध रोजगारीका अवसरमा सबै जाती तथा वर्णलाई समावेश गर्ने गरी सचेतना फैल्याउने लगायत आन्तरिक रोजगारीको यथोचित व्यवस्थापनका लागि समेत काम तथा श्रमिकको सम्मान हुने वातावरण सञ्चालन गर्न सुझाव दिएको थियो ।

काम तथा श्रमिकको सम्मान हुने क्रियाकलाप सञ्चालन गर्न र आन्तरिक रोजगारी प्रवर्द्धन एवम् विस्तार गर्न समेत "श्रमको सम्मान, राष्ट्रको अभियान" सञ्चालन गरी सचेतनामूलक सञ्चार गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ ।

## ३. रणनीतिको दीर्घकालीन सोच

श्रम तथा श्रमिकको मर्यादा अभिबृद्धी तथा आन्तरिक रोजगार प्रवर्द्धन गर्नु रणनीतिको दीर्घकालीन सोच हुनेछ ।

## ४. रणनीतिको उद्देश्यहरु

यस रणनीतिको प्रमुख उद्देश्यहरु देहाय अनुसारको हुनेछन्:

(क) रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई न्यूनतम रोजगारीका अवसरमा संलग्न गराउने ।

(ख) मुलुकको श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने ।

(ग) श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको वाहेक व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य सबै प्रकार भेदभावलाई न्यूनिकरण गर्दै लैजाने ।

(घ) आन्तरिक रोजगारीका अवसरमा मुलुककै श्रमशक्तिको प्रयोग हुने वातावरण सृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप गर्ने ।

(ङ) अन्तर तह, अन्तर निकाय र निजी क्षेत्रसंग वहुपक्षिय साझेदारी तथा समन्वय गर्ने ।

## ४. कार्यनीति तथा कार्यक्रम

**उद्देश्य १:** रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई न्यूनतम रोजगारीमा संलग्न गराउने ।

**कार्यनीति**

(क) रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावली एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमले परिभाषित गरे बमोजिम बेरोजगार व्यक्तिको अधिकार, आवेदन प्रक्रिया तथा रोजगारीमा संलग्न गराउने प्रक्रियाका सम्बन्धमा सचेतनामूलक कार्यक्रम "**न्यूनतम रोजगार, नागरिकको अधिकार**" सञ्चालन गरिनेछ ।

(ख) रोजगार सेवा केन्द्रबाट एकिकृत रोजगारमूलक सेवा प्रदान गर्न तीनै तहका सरकार बीच सञ्चार, समन्वय र प्रवर्द्धनात्मक अभियान "**स्थानीय सरकार, रोजगारीको आधार**" सञ्चालन गरिनेछ ।

(ग) प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य र कार्यनीतिका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी तथा नागरिक समाजसंग नियमित छलफल र अन्तरक्रिया गर्ने कार्यक्रम "**आफ्नै पौरख, आफ्नै गौरव**" सञ्चालन गरिनेछ।

(घ) तीनै तहमा रोजगार सम्वाद मञ्चको गठन तथा सञ्चालन गरी उपलव्ध रोजगारीका अवसर तथा सम्भावनाको पहिचान, समस्याको निदान र रोजगारी सृजनाको नवीनतम उपाय एवम् ढाँचा तथा विधिको विकास र रोजगारी नीति र कार्यक्रमका सम्बन्धमा छलफल गर्ने क्रियाकलाप "**रोजगार नीति, विकासको विधि**" सञ्चालन गरिनेछ।

(ङ) निजी, सहकारी तथा सरकारी निकायबीच अन्तरतह तथा अन्तर निकायसंग सामाजिक संरक्षण/सुरक्षा कार्यक्रमबीच तालमेल मिलाउने क्रियाकलाप "**यात्रा साझा समृद्धिको**" सञ्चालन गरिनेछ।

(च) स्थानीय तहबाट श्रम तथा रोजगारीको सूचना सङ्कलन तथा सम्प्रेषण, सीप तथा क्षमताको अन्तरविश्लेषण, रोजगारमूलक सीप उपलव्ध गराउन, रोजगारमूलक सेवा तथा सुविधा प्रदान गर्न तथा सो को अभिलेखीकरण लगायत रोजगारीका क्षेत्रको लेखाङ्कन तथा कार्यक्रम निर्माण समेत गर्न सक्षम हुने गरी रोजगार सेवा केन्द्रको क्षमता अभिबृद्धी गरिनेछ ।

(छ) कार्यक्रमको क्रियाकलाप र उपलव्धिका सम्बन्धमा श्रब्यदृश्य सामग्री निर्माण तथा प्रशारण गरिनेछ।

**उद्देश्य २**: मुलुकको श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन (वेहविरल चेन्ज) ल्याउने ।

<u>कार्यनीति</u>

(क) कार्यस्थलमा हुने सबै प्रकारका भेदभाव कानुन बमोजिम दण्डनीय हुने व्यवस्थाका सम्बन्धमा सचेतनामूलक अभियान "**श्रमिकको सम्मान**" कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) एउटै प्रकृतिको कामको ज्यालामा भेदभाव नभएको सुनिश्चित गर्ने अभियान "**समान काम समान ज्याला**" सञ्चालन गरिनेछ ।

(ग) कार्यस्थलमा श्रमिकलाई आवश्यक पर्ने न्यूनतम पूर्वाधार तथा सुविधाका सम्बन्धमा सचेतना अभियान सञ्चालन गरिनेछ।

(घ) समाजका विशिष्ट व्यक्तित्वलाई परिचालन गरी श्रमिकको सम्मान गर्ने र भेदभाव गर्न नहुने विषयलाई सञ्चार गरिनेछ ।

(ङ) नेपालमा उपलव्ध रोजगारीका अवसरमा नेपालीलाई संलग्न गराउन सीप तथा क्षमताको विकास, पुनर्ताजगी तथा स्तरोन्नतीका लागि सहकार्य र समन्वय गर्न तथा मुलुकका श्रमशक्तिलाई स्थानीय श्रम बजारको माग बमोजिमको सीप तथा क्षमता अभिबृद्धी गर्ने अभियान "**सीप सिकौं, रोजगार बनौं**" कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) श्रमिकको अधिकार र सुरक्षामा सामाजिक सुरक्षा कोषको महत्वपुर्ण भूमिकालाई जोड दिंदै कोषमा आवद्धता हुन प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ ।

(छ) शैक्षिक तथा सीप विकास प्रतिष्ठानका सीप तथा क्षमता विकासका पाठ्यक्रम तथा मोड्युलमा काम गर्ने संस्कृति तथा श्रमिकको सम्मान गर्ने विषय समावेश गर्न नीतिगत पहल गरिनेछ ।

(ज) मन्त्रालयले अघि सारेको बालश्रम लगायतका सबै प्रकारको शोषण हटाउने अभियान "**शोषण रहित श्रमिक**" कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्देश्य ३**: श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको वाहेक व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य सबै प्रकारका भेदभावलाई न्यूनिकरण गर्दै लैजाने ।

<u>कार्यनीति</u>

(क) मानव अधिकारका सर्वमान्य सिद्धान्तलाई ध्यानमा राखी श्रम तथा रोजगारीका क्षेत्रमा हुने सबै प्रकारका भेदभाव हटाउन सचेतनामूलक क्रियाकलाप गरिनेछ ।

(ख) सम्मानपूर्वक जीवनयापन गर्न पाउने नागरिकको संबैधानिक अधिकारलाई श्रम तथा रोजगारीका क्षेत्रमा सुनिश्चित गर्न नीतिगत नियमन तथा अनुगमन गरिनेछ ।

(ग) समाजका प्रतिष्ठित व्यक्तिलाई सार्वजनिक कार्यहरुमा सहभागी गराई रोजगारी सानो वा ठुलो हुदैन भन्ने सचेतना जगाउने अभियान सञ्चालन गरिनेछ ।

(घ) परम्परागतरुपमा विशेष वर्ण र जातबाट हुने गरिने कार्यमा अन्य वर्ण र जातका व्यक्तिले काम गरी सफलता प्राप्त गरेको उदाहरणलाई प्रचार प्रसार गरी रोजगारी जातिगत / वर्णगत नहुने विषयका सम्बन्धमा सचेतनामूलक कार्य गरिनेछ ।

(ङ) श्रमिकको अधिकार र सुरक्षाका सम्बन्धमा जानकारी दिन जीवनोपयोगी सीप विकासका कार्यक्रम सञ्चालन गर्ने तथा परामर्श सेवा उपलव्ध गराईनेछ।

**उद्देश्य ४**: आन्तरिक रोजगारीका अवसरमा मुलुककै श्रमशक्तिको प्रयोग हुने वातावरण सृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप गर्नेछ ।

**कार्यनीति**

(क) मुलुकमा उपलव्ध रोजगारीका अवसरमा संलग्न हुन अभिप्रेरित गर्न रोजगार परामर्श सेवा उपलव्ध गराइनेछ ।

(ख) वित्तीय साक्षरता अभियान सञ्चालन तथा समन्वय गर्ने गराइनेछ।

(ग) रोजगारी तथा सीप विकासका क्षेत्रमा श्रम बजारको माग र आपूर्तिको अन्तरविश्लेषणका लागि सूचना सङ्कलन र सम्प्रेषण गरिनेछ।

(घ) रोजगारीका उपलव्ध सीप तथा क्षमता विकासका क्रियाकलापमा बेरोजगार व्यक्तिलाई संलग्न गराउन रोजगार विनिमय सेवा सञ्चालन गरिनेछ ।

(ङ) वैदेशिक रोजगारीको अवसर तथा चुनौतिलाई उजागर गर्ने एवम् सुरक्षित र मर्यादित आप्रवासनका सम्बन्धमा सचेतनामूलक क्रियाकलाप सञ्चालन गरिनेछ ।

(च) वैदेशिक रोजगारीबाट फर्केर आन्तरिक रोजगारीका क्षेत्रमा संलग्न व्यक्तिको सफलतालाई उजागर गर्दै आन्तरिक रोजगारीमा संलग्न हुन अभिप्रेरित गरिनेछ ।

(छ) वैदेशिक रोजगारीका शिलशिलामा आर्जेको सीप तथा श्रोतको मुलुकमा प्रयोग गर्न उत्प्रेरणामूलक क्रियाकलाप सञ्चालन गरिनेछ ।

(ज) मुलुकमा उपलव्ध रोजगारमूलक सेवा तथा सहुलियतपूर्ण कर्जाका सम्बन्धमा बेरोजगार व्यक्तिलाई परामर्श र सेवा प्राप्तिका लागि सहजिकरण गरिनेछ ।

(झ) सीपयुक्त जनशक्तिलाई स्वरोजगारमा संलग्न हुन आवश्यक पर्ने श्रोत, साधन र प्रक्रियाका सम्बन्धमा जानकारी दिइनेछ ।

**उद्देश्य ५**: अन्तर तह, अन्तर निकाय र निजी क्षेत्रसंग वहुपक्षिय साझेदारी तथा समन्वय गर्ने

**कार्यनीति**

(क) रणनीति कार्यान्वयनका लागि पत्रपत्रीका तथा मिडिया हाउसलाई अभिमूखिकरण गरी समाचार सम्प्रेषण गर्न अभिप्रेरित गरिनेछ ।

(ख) विभिन्न निकाय र रोजगारदाताबाट सञ्चालनमा आएका श्रम तथा रोजगारीका विषयमा हुने सञ्चारका क्रियाकलापलाई मन्त्रालयबाट सहकार्य तथा सहजिकरण गरिनेछ ।

(ग) आन्तरिक रोजगारी प्रवर्द्धन हुने "मेक इन नेपाल" अभियान लगायत आन्तरिक रोजगार प्रवर्द्धन हुने सबै प्रकारका अभियानमा सञ्चालन साझा कार्यनीति तय गरी क्रियाकलाप सञ्चालन गरिनेछ ।

(घ) आन्तरिक रोजगारी प्रवर्द्धन हुने सबै प्रकारका रणनैतिक अभियानलाई स्थानीय तहमा कार्यान्वयन गरिदा रोजगार सेवा केन्द्रलाई परिचालन गरिनेछ ।

## ६. रणनीति कार्यान्वयनका लागि संस्थागत संरचना

६.१ श्रमको सम्मानलाई अभियानकै रुपमा सञ्चालन देहाय बमोजिमको एक सङ्घीय रणनीति निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - | संयोजक |
| महाशाखा प्रमुखहरु, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - | सदस्य |
| सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - | सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - | सदस्य |
| प्रतिनिधी, नेपाल उद्योग वाणिज्य महासंघ | - | सदस्य |
| प्रतिनिधी, नेपाल उद्योग परिसंघ | - | सदस्य |
| श्रम तथा रोजगार विषय हेर्ने पत्रकार | - | सदस्य |
| प्रतिनिधी, श्रम तथा रोजगार विषयमा क्रियाशिल गैर सरकारी संस्था | - | सदस्य |
| सहसचिव, आन्तरिक रोजगार व्यवस्थापन हेर्ने महाशाखा/कार्यक्रम | - | सदस्य सचिव |

६.२ समितिले आफ्नो कार्यविधी आफै तय गर्नेछ गरी चौमासिक रुपमा बैठक बस्नेछ।

६.३ रणनीति कार्यान्वयनको जिम्मेवारी मन्त्रालयको आन्तरिक रोजगार व्यवस्थापन विषय हेर्ने महाशाखा/कार्यक्रमको हुनेछ । उक्त महाशाखा/कार्यक्रमको सूचना तथा सञ्चार विषय हेर्ने शाखा प्रमुखले देहायको जिम्मेवारी वहन गर्नेछः-

(क) सङ्घीय रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रही समितिले तोकेका क्रियाकलापको कार्यान्वयन गर्ने।

(ख) रणनीति कार्यान्वयनमा स्थानीय तहको अपनत्व र बहुपक्षिय सरोकारवालाको सहभागिता समेत रहने गरी समन्वय र सहकार्य गर्ने,

(ग) रणनीतिको कार्यान्वयनको सम्बन्धमा छलफल र पृष्ठपोषण प्राप्त गर्न नियमित तथा आवधिकरुपमा सञ्चार माध्यमसंग साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने,

(घ) रणनीतिले तोकेका कार्यक्रम/क्रियाकलापको उद्देश्य, विषय, कार्यान्वयन, सञ्चार विधि तथा नतिजा मापन आदि समावेश गरी वार्षिक कार्ययोजना तय गर्ने,

(ङ) रणनीति कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय र मुलुकको सर्वमान्य सिद्धान्त / ऐन / नियम प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने गराउने,

(च) रणनीतिको उद्देश्य बमोजिममा विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने विभिन्न विधि तथा औजारको प्रयोग गरी तदनुरुपको वार्षिक क्रियाकलाप तर्जुमा गर्ने।

(छ) रणनीति तथा मन्त्रालयले तोकेका अन्य जिम्मेवारी वहन गर्ने ।

६.४ स्थानीय तहमा रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम १४ बमोजिमको स्थानीय निर्देशक समितिले रणनीति निर्देशक समितिको रुपमा कार्य गर्नेछ । स्थानीय रोजगार सेवा केन्द्रले समन्वय समितिको सचिवालयको रुपमा मन्त्रालय तथा समितिको निर्देशन बमोजिम कार्य गर्नेछ।

## ७. विविध

### ६.१ कार्ययोजना तय गर्ने

मन्त्रालयले रणनीतिको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवालासंग छलफल र अन्तरक्रिया गरी कार्ययोजना तय गर्ने । मन्त्रालयले आवश्यकता बमोजिम वार्षिक र दीर्घकालीन कार्ययोजना तय गर्न सक्ने ।

### ६.२ परामर्शदाता तथा सेवा प्रदायकको सेवा प्राप्ति

मन्त्रालयले स्वीकृत कार्ययोजनालाई कार्यान्वयन गर्न खण्ड खण्ड वा एकमुष्ट परामर्शदाता तथा सेवा प्रदायकको सेवा प्राप्ति गर्न सक्नेछ ।

### ६.३ सामाजिक सञ्चाल तथा विद्युतीय माध्यमको प्रयोग तथा सञ्चालन

मन्त्रालयले व्यवस्थापन सूचना प्रणाली, सामाजिक सञ्जालको प्रयोग र वेवसाईटको निर्माण तथा परिचालन गर्न गराउन सक्नेछ ।

### ६.४ क्षमता अभिबृद्धी

मन्त्रालयले रणनीतिलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न क्षमता अभिबृद्धिका क्रियाकलाप सञ्चालन गर्न सक्नेछ । मन्त्रालयले आवश्यकता बमोजिम सेवा प्रदायक र सञ्चारकर्मीलाई अभिमूखिकरण गराई अभियानमा संलग्न गराउन सक्नेछ ।

## ७. अनुगमन तथा मूल्याङ्कन

७.१ मन्त्रालयले रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने व्यवस्था मिलाउने ।

७.२ मन्त्रालयले अनुगमन तथा मूल्याङ्कनको आधार तथा सरोकारवाला पक्षसंगको छलफल/परामर्श बमोजिम रणनीतिमा आवश्यक पुनरावलोकन गर्न सक्ने ।